# भिमरुक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### मच्छी, प्यूठान
५ नं.प्रदेश, नेपाल

पत्र संख्या :- २०७६/०७७
सूचना च. नं. :- ०८

मिति :- २०७६/०७/१८

विषय :- **सूचना ! सूचना !! सूचना !!!**

प्रस्तुत विषयमा यस भिमरुक गाउँपालिकामा रहेका अपाङ्गता भएका व्यक्तिहरुको लागि नयाँ परिचय पत्र वितरण गर्न र साविक महिला तथा वालवालिका कार्यालय, प्यूठानवाट प्राप्त गरेका परिचय पत्र नविकरण गर्नको लागि निम्न ,मिति, समय र स्थानमा शिविर संञ्चालन गरिने भएकाले तपसिल अनुसारका आवश्यक कागजात सहित उपस्थित हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरु

क) निवेदन
ख) नागरिकता/जन्मदर्ताको प्रतिलिपि ।
ग) वडा कार्यालयको सिफारिस पत्र
घ) अटो साईजको ३ प्रति फोटो
ङ) अपाङ्ग परिचय पत्र लिईसकेका व्यक्तिहरुको हकमा सो परिचयपत्रको सक्कलै प्रति निवेदनसाथ पेश गर्नुपर्ने छ ।
च) सम्भव भए अपाङ्गता खुल्ने प्रमाणहरु

शिविर संञ्चालन हुने

| क.स | वडा नं. | शिविर संञ्चालन हुने मिति र स्थान | कैफियत |
|---|---|---|---|
| १ | १ | क) मिति २०७६ साल कार्तिक २१ गते विहान ८ वजेदेखि विहान ११ वजेसम्म वडा नं. १ को सौतामारे कोटडाँडा<br>ख) मिति २०७६ साल कार्तिक २१ गते दिउसो १२ वजेदेखि वेलुका ४ वजेसम्म १ नं.वडा कार्यालय,सौतामारेफेदी | |
| २ | ४ | क) मिति २०७६ साल कार्तिक २२ गते विहान १० वजेदेखि वेलुका ४ वजेसम्म ४ नं. वडा कार्यालय ,वाङ्गेफेदी | |
| ३ | ३ | क) मिति २०७६ साल कार्तिक २५ गते विहान १० वजेदेखि वेलुका ४ वजेसम्म ३ नं.वडा कार्यालय ,आहालखोला | |
| ४ | २ | क) मिति २०७६ साल कार्तिक २६ गते विहान १० वजेदेखि वेलुका ४ वजेसम्म २ नं.वडा कार्यालय,वादिकोट | |
| ५ | ५ | क) मिति २०७६ साल कार्तिक २७ गते विहान १० वजेदेखि वेलुका ४ वजेसम्म ५ नं.वडा कार्यालय,मच्छी | |
| ६ | ६ | क) मिति २०७६ साल कार्तिक २८ गते विहान १० वजेदेखि वेलुका ४ वजेसम्म ६ नं. वडा कार्यालय ,नेटा | |
| ७ | ८ | क) मिति २०७६ साल कार्तिक २९ गते विहान ८ वजेदेखि दिउसो १२ वजेसम्म ८ नं. वडा, टिमुरचौर<br>ख) मिति २०७६ साल कार्तिक २९ गते दिउसो १ वजेदेखि वेलुका ४ वजेसम्म ८ नं. वडा, भण्डारी पोखरा , गव्दी | |
| ८ | ७ | क) मिति २०७६ साल कार्तिक ३० गते विहान १० वजेदेखि दिउसो ४ वजेसम्म ७ नं. वडा कार्यालय, तुषारा | |

२०७६/०७/१८

कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

# झिमरुक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## मच्छी, प्यूठान
## ५ नं. प्रदेश, नेपाल

झिमरुक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मच्छी, प्यूठान ५ नं. प्रदेश, नेपाल

पत्र संख्या :- २०७६/०७७
चलानी नं. :- ३३४

मिति :- २०७६/०७/१८

विषय :- अपाङ्गता परिचयपत्रको लागि निवेदन पठाईएको वारे ।

श्री झिमरुक गाउँपालिका सम्पूर्ण वडा कार्यालयहरु

प्रस्तुत विषयमा यसै पत्रसाथ संलग्न सूचना अनुसार सबै वडाहरुमा नयाँ अपाङ्गता परिचय पत्र वितरण तथा साविक महिला तथा वालवालिका कार्यालय, प्यूठानवाट वितरण गरिएको अपाङ्गता परिचय पत्र नविकरण गर्ने कार्यक्रम सम्वन्धी शिविर संचालन गरिने भएकोले यस कार्यालयमा अपाङ्गता परिचय पत्रको लागि प्राप्त निवेदनहरु यसै पत्रसाथ संलग्न गरी पठाईएको छ । संलग्न सूचना तथा निवेदन अध्ययन गरी नयाँ परिचय प्राप्त गर्ने व्यक्ति तथा साविक महिला तथा वालवालिकाको कार्यालय प्यूठानवाट वितरण गरिएको अपाङ्गता परिचय पत्र नविकरण गर्ने कार्य समेत रहेकोले सरोकारवाला सम्वन्धित सवैलाई अनिवार्य रुपमा सूचना गरी तोकीए वमोजिमको स्थान र समयमा उपस्थित हुने व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

| क्र.स | वडा नं. | नयाँ परिचयपत्र प्राप्तको लागि यस कार्यालयमा पेश गरेका निवेदन सख्या | कैफियत |
|---|---|---|---|
| १ | १ | २ | |
| २ | २ | १ | |
| ३ | ३ | ८ | |
| ४ | ४ | २ | |
| ५ | ५ | १३ | |
| ६ | ६ | ८ | |
| ७ | ७ | २२ | |
| ८ | ८ | ५ | |

२०७६/०७/१८

कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत